## केपिलासगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ८ सङ्ख्या ११ मितिः २०८१/१२/०३

भाग- २

केपिलासगढी गाउँपालिका

केपिलासगढी गाउँ कार्यपालिकाको कार्यालय


# तोरी प्रशोधन केन्द्र (मिल) सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावनाः**

केपिलासगढी गाउँपालिकाभित्रका कृषकहरुले उत्पादन गरेका तोरीलाई प्रशोधन गरी गाउँपालिकालाई तोरी मिलमा आत्मनिर्भर बनाउने उद्देश्यले तोरी मिल सञ्चालन गर्न बाञ्छनिय रहेको हुनाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम **तोरी प्रशोधन केन्द्र (मिल) सञ्चालन सम्बन्धी कार्यविधि, २०८१** बनाई लागू गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस कार्यविधिको नाम "**केपिलासगढी तोरी प्रशोधन केन्द्र (मिल) सञ्चालन सम्बन्धी कार्यविधि, २०८१**" रहेको छ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "**अध्यक्ष**" भन्नाले केपिलासगढी गाउँपालिका गाउँ कार्यपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

(ख) "**उपज**" भन्नाले कृषकहरुले उत्पादन गरेको सामाग्रीहरु भन्ने बुझ्नु पर्दछ।

(ग) "**उपाध्यक्ष**" भन्नाले केपिलासगढी गाउँपालिकामा अध्यक्षको अनुपस्थितिमा रहेर गाउँपालिकाको कामकारबाही गर्ने व्यक्तिलाई सम्झनु पर्दछ।

(घ) "**उत्पादक**" भन्नाले केपिलासगढी गाउँपालिका भित्र खाद्य तथा नगदेबाली उत्पादन गर्ने कृषकलाई सम्झनु पर्दछ।

(ङ) "**कार्यालय**" भन्नाले केपिलासगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(च) "**कृषक**" भन्नाले केपिलासगढी गाउँपालिका भित्र व्यक्तिगत तथा सामुहिक रुपमा खेती, किसानी गर्नेलाई सम्झनु पर्दछ।

(छ) "**कृषि शाखा प्रमुख**" भन्नाले केपिलासगढी गाउँपालिकामा कृषि सम्बन्धी कामकाज गर्ने शाखाको प्रमुख कर्मचारीलाई सम्झनु पर्दछ।

(ज) "**कार्यविधि**" भन्नाले केपिलासगढी गाउँपालिकामा तोरी प्रशोधन केन्द्र (मिल) सञ्चालन सम्बन्धी कार्यविधि २०८१ लाई सम्झनु पर्दछ।

(झ) "**गुणस्तर तथा नापतौल**" भन्नाले अन्तराष्ट्रिय मान्यता प्राप्त मापदण्डमा रहेर तोरी तेल मापन गर्ने बुझ्नुपर्दछ।

(ञ) "**ग्रेडिङ**" भन्नाले तोरीलाई गुणस्तर बमोजिम विभिन्न भागमा वर्गिकरण गरेको गरी राखेको बुझ्नुपर्दछ।

(ट) "**जिन्सी शाखा प्रमुख**" भन्नाले केपिलासगढी गाउँपालिका भित्र रहेका सम्पूर्ण चल अचल सम्पत्ती रेखदेख गर्ने शाखाको प्रमुख कर्मचारीलाई बुझ्नुपर्दछ।

(ठ) "**जि- फाउन्डेसन**" भन्नाले केपिलासगढी गाउँपालिकामा कृषि सम्बन्धी कार्य गर्ने अथवा गाउँपालिकाको साझेदारीमा तोरी मिल सञ्चालन गर्ने गैह्रसरकारी संस्था बुझ्नुपर्दछ।

(ड) **"तोरी प्रशोधन"** भन्नाले केपिलासगढी गाउँपालिकामा उत्पादित तोरी शुद्धिकरण गरिएपश्चात भएका तोरीलाई बुझ्नुपर्दछ।

(ढ) **"न्यूटेशन"** भन्नाले उत्पादित तोरी तेलबाट पाइने पौष्टिक तत्वलाई बुझ्नुपर्दछ।

(ण) **"प्रमुख प्रशासकीय अधिकृत"** केपिलासगढी गाउँपालिका, गाउँ कार्यपालिकाको प्रशासनिक काम गर्ने प्रमुखलाई सम्झनु पर्दछ।

(त) **"मापन"** भन्नाले उत्पादित तोरीलाई नापजाँच गर्ने कार्यलाई सम्झनुपर्दछ।

(थ) **"प्रशासन शाखा"** भन्नाले केपिलासगढी गाउँपालिका, प्रशासनिक कामकारबाही गर्ने शाखा बुझ्नुपर्दछ।

(द) **"मिल"** भन्नाले तोरी प्रशोधन गर्ने मेसिनलाई बुझ्नुपर्दछ।

(ध) **"लेबलिङ, बाण्डिङ"** भन्नाले तोरी तेल उत्पादन गरी प्याकिङ गरेपश्चात उत्पादित मिति, अन्तिम मिति, तौल, रजिस्टर नम्बर कायम भएकोलाई सम्झनु पर्दछ।

(न) **"सम्झौता"** भन्नाले केपिलासगढी गाउँपालिका र कृषकहरुविच बुँदागत रुपमा गरिने शर्त तथा नियमहरुलाई बुझ्नुपर्दछ।

(ऩ) **"समिति"** भन्नाले यस कार्यविधि बमोजिम न्यूनतममूल्य निर्धारण समिति तथा छनौट समितिलाई सम्झनु पर्दछ।

(प) **"साझेदारी"** भन्नाले तोरी मिल सञ्चालन गर्न गाउँपालिकासँग साझेदारी गर्ने संस्था वा व्यक्तिलाई सम्झनुपर्दछ।

(फ) **"सामाग्री** भन्नाले तोरी मिलमा प्रयोग हुने विभिन्न वस्तुहरुलाई सम्झनु पर्दछ।

## परिच्छेद-२

## तोरी प्रशोधन (मिल) स्थापना, सञ्चालनको उद्देश्य

३. <u>तोरी प्रशोधन (मिल) स्थापना</u>: तोरी प्रशोधन (मिल) प्रशोधनको उद्देश्य देहाय बमोजिमको रहेको छ।

(क) गाउँपालिकालाई तोरी तेलमा आत्मनिर्भर बनाउनको लागि।

(ख) गाउँपालिका भित्र उत्पादन भएको तोरीलाई सदुपयोग गरी रोजगारी सिर्जना गर्नको लागि।

(ग) आयातित मिसावटयुक्त तेललाई प्रतिस्थापन गर्दै स्थानीय उत्पादन तेलको बजारिकरणको लागि।

(घ) स्थानीय उत्पादनलाई प्रोत्साहन गरी गाउँपालिका बाहिर निर्यात गरी आय आर्जन गर्नको लागि।

## परिच्छेद-३
## तोरी प्रशोधन (मिल) स्थापना, सञ्चालन र समिति गठन

४. **<u>तोरी प्रशोधन (मिल) स्थापना र सञ्चालनः</u>** (१) गाउँपालिकाले तोरी मिल सञ्चालन गर्नको लागि साझेदार संस्थाहरुसँग समन्वय गरी सञ्चालन गर्न सक्नेछ।

(२) गाउँपालिकाले साझेदार संस्थाहरुसँग करार सम्झौता गरी मिल सञ्चालन गर्ने अनुमती दिनेछ।

(३) तोरी मिल सञ्चालनको लागि एक सञ्चालन समिति गठन गरिनेछ।

(४) तोरी मिल सञ्चालन गर्ने साझेदारी संस्थाले गाउँपालिकाको कार्यविधि बमोजिम गाउँपालिकाको अधिनमा रही सञ्चालन गर्नुपर्नेछ।

(५) तोरी प्रशोधन (मिल) सञ्चालन समितिको गठन देहाय बमोजिमको हुनेछ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| (ख) प्रशासन शाखा प्रमुख | - सदस्य |
| (ग) जिन्सी शाखा प्रमुख | - सदस्य |
| (घ) जि- फाउन्डेसनको प्रतिनिधी | - सदस्य |
| (ङ) गुणस्तर तथा नापतौल विभागको प्रतिनिधी | - सदस्य |
| (च) मिल सञ्चालन गर्ने साझेदार संस्थाको प्रमुख | - सदस्य |
| (छ) कृषि शाखा प्रमुख | - सदस्य सचिव |

५. **<u>सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) तोरी प्रशोधन मिल सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ।

(क)तोरी मिल स्थापना गर्ने।

(ख)मिलमा आवश्यक पूर्वाधारको व्यवस्था गर्ने।

(ग) मिलमा काम गर्नसक्ने जनशक्तिको व्यवस्था गर्ने।

(घ) तोरी आयात गरी उत्पादित तेलको निर्यातको प्रवन्ध गर्ने।

(ङ) उत्पादित तोरीको लेवलिङ तथा ब्राण्डिग गर्ने।

(च) उत्पादित तोरीलाई बजारिकरणको व्यवस्था गर्ने।

(छ)आर्थिक दायित्व बहन गर्ने।

(२) तोरी प्रशोधन केन्द्र (मिल) सञ्चालन समितिको सचिवालय कृषि शाखा रहनेछ।

(३) उपदफा (२) बमोजिमको सचिवालयको काम, कर्तव्य र अधिकार उपदफा (१) बमोजिम रहनेछ।

## परिच्छेद-४

## तोरी प्रशोधन (मिल)मा आवश्यक पूर्वाधार, जनशक्ति तथा साझेदार संस्थाको काम, कर्तव्य र अधिकार

**६. <u>तोरी प्रशोधन (मिल)को आवश्यक पूर्वाधार तथा जनशक्तिः</u>** (१) तोरी प्रशोधन (मिल) सञ्चालनको लागि गाउँपालिकाले पूर्वाधारको स्थापना गर्नेछ।

(२)तोरी मिल सञ्चालनको लागि गाउँपालिकाले आवश्यक जग्गामा सञ्चालन गर्नुपर्नेछ।

(३)पुर्वाधार निर्माण गर्दा वातावरणीय पक्षलाई असर नहुने गरी गर्नुपर्नेछ।

(४)मिलमा प्रयोग हुने उपकरण तथा सामाग्रीहरु गाउँपालिकाले उपलब्ध गर्नुपर्नेछ।

(५)तोरी मिल निर्माण तथा पूर्वाधारको विकास गाउँपालिकाले गर्नेछ।

(६)तोरी मिल सञ्चालनको लागि आवश्यक जनशक्ति तथा कर्मचारी नियुक्ति साझेदार संस्थाले गर्नुपर्नेछ।

(७)उपदफा (६) बमोजिम नियुक्ति भएका कर्मचारीहरुलाई आवश्यक सीप तथा तालिमको व्यवस्था साझेदार संस्थाले गर्नेछ।

(८)उपदफा (६) बमोजिम नियुक्त भएका कर्मचारीको सेवा सुविधा साझेदार संस्थाले दिनेछ।

**७. <u>साझेदार संस्था रहनेः</u>** (१) तोरी प्रशोधन केन्द्र (मिल) सञ्चालन गर्ने एक साझेदार संस्था रहनेछ।

(२) साझेदार संस्थासँग अनूसुची-१ बमोजिमको ढाँचामा गाउँपालिकाले निश्चित अवधिका लागि करार सम्झौता गर्नेछ र करार सम्झौता पश्चात मात्र साझेदार संस्थाले तोरी मिल सञ्चालनको गर्नुपर्नेछ।

(३) साझेदार संस्थाले तोरी मिल सञ्चालन गर्नको लागि देहाय बमोजिमको काम गर्नुपर्नेछ।

(क) उत्पादित तेल लेबलिङ गर्नको लागि दफा ४ को उपदफा (५) बमोजिमको समितिको निर्णय अनुसार काम गर्नुपर्नेछ।

(ख) साझेदार संस्थाले दफा ६ को उपदफा (१), (२), (४) (५) बमोजिमको पूर्वाधारको रेखदेख, सम्भार र संरक्षण गर्नुपर्नेछ।

(ग) साझेदार संस्थाले मिलमा काम गर्ने कर्मचारीको हाजिर गराई पारिश्रमिक तथा सेवा सुविधा आफैले उपलब्ध गराउनु पर्नेछ। अनूसुची २ बमोजिमको ढाँचामा हाजिर गराउनु पर्नेछ।

(४) साझेदार संस्थाले गाउँपालिकालाई मासिक रुपमा अनूसुची ३ बमोजिमको ढाँचामा करार अनूसुची १ बमोजिमको करार सम्झौतामा उल्लेख गरे बमोजिम गाउँपालिकाको आन्तरिक खातामा रकम बुझाउनु पर्नेछ।

## परिच्छेद-५
## मर्मत सम्भार

८. **मर्मत सम्भारः** (१) गाउँपालिकाले सञ्चालन गर्ने तोरी मिलको मर्मत सम्भार साझेदार संस्थाले गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि मिलको मर्मत सम्भार गर्दा दफा ४ को उपदफा (५) बमोजिमको समितिको स्वीकृतिमा मात्र मर्मत गर्नुपर्नेछ।

(३) मेसिन मर्मत गर्दा अनुसूची ४ बमोजिमको ढाँचा भरी मर्मत गर्नुपर्ने सामानको विवरण दफा ४ को उपदफा (५) बमोजिमको समितिमा पेश गर्नुपर्नेछ।

(४) उपदफा (१) (२) र (३) मा जे सुकै कुरा लेखिएको भएतापनि साझेदार संस्थाले मिल स्थापना भएको भवन भने मर्मत गर्नुपर्ने भएमा दफा ४ को उपदफा (५) बमोजिमको समितिको निर्णयले गाउँपालिकाले गर्नुपर्नेछ।

## परिच्छेद-६
## सामाग्रीको व्यवस्था

९. **सामाग्रीको व्यवस्थाः** (१) तोरी प्रशोधन (मिल) सञ्चालन गर्नको लागि आवश्यक सामाग्री गाउँपालिकाले उपलब्ध गराउने छ।

(२) गाउँपालिकाले उपलब्ध गराउने सामाग्रीहरुको संरक्षण हिफाजत गर्ने काम साझेदार संस्थाको रहनेछ।

(३) गाउँपालिकाले उपलब्ध गराएको सामाग्रीहरु हराएमा टूट फुट भएमा साझेदार संस्थाले उपलब्ध गराउनुपर्नेछ।

(४) उत्पादित तेललाई प्याकेजिङ गर्नको लागि आइएसओ मान्यता प्राप्त प्लास्टिकका सामाग्रीहरुको व्यवस्था साझेदार संस्थाले गर्नुपर्नेछ।

## परिच्छेद-७
## तोरीको आयात तथा ग्रेडिङ सम्बन्धी व्यवस्था

१०. **तोरी आयात सम्बन्धी व्यवस्थाः** (१) केपिलासगढी गाउँपालिकाका विभिन्न वडाहरु साथै अन्य ठाउँहरुमा उत्पादन भएको तोरीलाई आयात गरी तोरी प्रशोधन मिलमा भण्डारण गरिनेछ।

११. **ग्रेडिङ सम्बन्धी व्यवस्था**ः (१) भण्डारण गर्नुपुर्व आयातित तोरीलाई ग्रेडिङ गरी विभाजन गरिनेछ साथै ग्रेडिङ गर्दा उच्च, राम्रो, मध्यम र सामान्य गरी ४ भागमा विभाजन गरिनेछ।

(२) १०० प्रतिशत गुणस्तर भएमा उच्च, ७५ प्रतिशत गुणस्तर भएमा राम्रो, ५० प्रतिशत भएमा मध्यम र २५ प्रतिशत भएमा सामान्य रुपमा मुल्याङ्कन गरिनेछ साथै २५ प्रतिशत भन्दा कम गुणस्तर भएमा त्यस्ता उपजहरु दर्ता गरिनेछैन।

(३) ग्रेडिङ सम्बन्धी मापन दफा ४ को उपदफा ५ बमोजिमको सञ्चालक समितिले गरेको निर्णय बमोजिम रहनेछ।

(४) सञ्चालक समितिले ग्रेडिङ मापन गर्दा कुनै द्विविधा उत्पन्न भएमा कृषि विज्ञको सहायता लिई मापन गर्न सक्नेछ।

(५) सञ्चालक समितिले ग्रेडिङ गर्दा अनुसूची ५ बमोजिमको ढाँचामा तोरीको वर्गिकरण गर्नुपर्नेछ।

## परिच्छेद-८
## आर्थिक दायित्व

**१२. आर्थिक दायित्वः** (१) तोरी प्रशोधन केन्द्र (मिल) सञ्चालनको लागि प्रमुख आर्थिक दायित्व केपिलासगढी गाउँपालिकासँग रहेको छ।

(२) उपदफा (१) मा जे सुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाले आवश्यक ठानेमा जि फाउन्डेसनसँग सहकार्य गरेर आर्थिक दायित्व बहन गर्नेछ।

(३) तोरी प्रशोधन केन्द्र (मिल)मा आवश्यक पर्ने सामाग्रीहरुको आर्थिक दायित्व जि फाउन्डेसन र केपिलासगढी गाउँपालिकाको संयुक्त रुपमा हुनुपर्नेछ।

## परिच्छेद-९
## विविध

**१३. भण्डारणको व्यवस्थाः** (१)तोरी प्रशोधन केन्द्र (मिल)मा प्रशोधनमा ल्याइएको तोरीलाई दफा ११ बमोजिम ग्रेडिङ पश्चात उचित तरिकाले भण्डारण गर्ने साझेदार संस्थाको रहनेछ।

(२) उत्पादित तोरो तेलको भण्डारण छुट्टै ठाउँमा गर्नुपर्नेछ हावापानी, घामबाट जोगाएर भण्डारण गर्ने साझेदार संस्थाको रहनेछ।

**१४. लेबलिङः** (१) तोरी प्रशोधन केन्द्र (मिल)बाट उत्पादित तोरीलाई आईएसओ मान्यता प्राप्त रुपमा लेबलिङ गर्न सञ्चालक समितिले गर्नेछ।

(२) लेबलिङ गर्नको लागि उत्पादित मिति, अन्तिम मिति, तेलको मात्रा, रजिस्टर नं., बनेको स्थान, न्युट्रेसन तत्व, लोगो समेत खुलाई लेबलिङ गर्नुपर्नेछ।

(३) लेबलिङ गर्दा कुनै द्विविधा भएमा विज्ञको परामर्श तथा सिफरिस लिएर मात्र गर्नुपर्नेछ।

**१५.** **<u>मुल्य निर्धारणः</u>** (१) तोरीको मुल्य निर्धारण सञ्चालक समितिको सिफारिसबाट हुनेछ र सोही मुल्यका आधारमा गाउँपालिकाले दफा ११ बमोजिम ग्रेडिङ भएको तोरीको भुक्तानी सम्बन्धित कृषकलाई प्रदान गर्नुपर्नेछ।

(२) तोरीको भुक्तानी गर्दा कृषकहरुबाट अनुसूची ६ बमोजिमको ढाँचामा कृषकहरुले निवेदन दिनुपर्नेछ।

(३) उत्पादित तोरी तेलको मुल्य निर्धारण सञ्चालक समितिले गरी बिक्री वितरण भने साझेदार संस्थाले गर्नुपर्नेछ।

(४) विक्री वितरण भएको तोरी तेलको आयको विवरण अनुसूची ३ बमोजिमको ढाँचामा मासिक रुपमा साझेदार संस्थाले सचिवालयमा बुझाउनुपर्नेछ र सचिवालयले सञ्चालक समिति समक्ष बैठकमा पेश गर्नुपर्नेछ।

**१६.** **<u>अनुगमन तथा निरीक्षणः</u>** गाउँपालिका तथा अन्य माथिल्लो निकायले तोरी प्रशोधन केन्द्र (मिल)को अनुगमन तथा निरीक्षण गर्नुपर्नेछ। अनुगमन तथा निरीक्षण गर्न आएको टोलीलाई साझेदार संस्थाले बिना रोकतोक अनुगमन गर्न दिनुपर्नेछ।

तर निरीक्षण तथा अनुगमन गर्ने बाहानामा अन्य सरोकारबिनाको पक्षलाई प्रवेशमा रोक लगाउनु पर्नेछ, उक्त काम साझेदार संस्थाको रहनेछ।

**१७.** **<u>कार्यविधि संसोधनः</u>** (१) यस कार्यविधि संघीय तथा प्रदेश कानूनसँग नबाझिएको हकमा लागु हुनेछ। यदि संघ, प्रदेशको कानूनसँग बाझिएको खण्डमा कार्यविधि संसोधन हुन सक्नेछ।

(२) गाउँपालिकाले कार्यविधि संसोधन गर्न चाहेको खण्डमा आवश्यक समयमा संसोधन गर्न सक्नेछ र संसोधन भई प्रमाणित नहुन्जेलसम्म यो कार्यविधि मान्य हुनेछ।

## अनुसूची-१

### (दफा ७ को उपदफा २ सँग सम्बन्धित)

### केपिलासगढी गाउँपालिका र साझेदार संस्थासँग करार सम्झौताको ढाँचा

केपिलासगढी गाउँपालिका खोटाङ (यस पछी प्रथम पक्ष भनिएको) र केपिलासगढी गाउँपालिकामा तोरी मिल सञ्चालन गर्न ...............जिल्ला, ..................पालिका................ वडा नं. .............स्थायी वतन भएको ..................साझेदारी संस्था वा व्यक्ति (यस पछी दोस्रो पक्ष भनिएको) विच मिति २०८१/..../.... गतेका दिन तोरी प्रशोधन केन्द्र (मिल) सञ्चालन गर्न तपसिलको शर्तहरुमा रही करार सम्झौता गरी एक एक प्रति लियौं दियौं।

<u>शर्तहरुः</u>

१. **करार अवधिः** दोस्रो पक्षको करार अवधि मिति २०..../.../... देखि २०...../.../.. सम्मको रहनेछ। कार्यसम्पादन सन्तोषजनक देखिएमा आपसी समझदारीमा करार अवधी थप गर्न सकिनेछ।

२. **कार्य विवरणः** दोस्रो पक्षले तोरी प्रशोधन केन्द्र (मिल) सञ्चालन सम्बन्धी कार्यविधि २०८१ मा रहेर तोरी मिल सञ्चालन गर्नुपर्नेछ।

३. **जनशक्ति व्यवस्थापन र सेवा सुविधाः** दोस्रो पक्षले मिल सञ्चालन गर्नको लागि जनशक्ति आफैले उपलब्ध गराउनु पर्नेछ र निजलाई काम आफैले लगाई सेवा सुविधा पनि उपलब्ध गराउनु पर्नेछ।

४. **काम गर्नुपर्ने स्थान र समयः** दोस्रो पक्षले तोरी मिल सञ्चालन भएको स्थानमा जुनसुकै समयमा पनि काम गर्नुपर्नेछ।

५. **सम्पत्तीको संरक्षण :** पहिलो पक्षले व्यवस्थापन गरेको सम्पत्तीको संरक्षण दोस्रो पक्षले गर्नुपर्नेछ। यदि पहिलो पक्षले उपलब्ध गराएको सामानहरुमा टुटफुट भएमा बिग्रिएमा दोस्रो पक्षले सो बराबरको क्षतिपूर्ति पहिलो पक्षलाई दिनुपर्नेछ।

६. आयातित तोरीको भण्डारण, संरक्षण, सुरक्षणको जिम्मा दोस्रो पक्षले गर्नुपर्नेछ। भण्डार गर्दा सञ्चालक समितिले ग्रेडिङ गरिए बमोजिम राख्नुपर्नेछ।

७. दोस्रो पक्षले आय व्ययको विवरण मासिक रुपमा गाउँपालिकालाई बुझाउनुपर्नेछ।

८. दोस्रो पक्षले मेसिनहरुको मर्मत सम्भार गर्दा सञ्चालक समितिको अनुमती लिएर मात्र मर्मत गर्नुपर्नेछ र मर्मत पश्चात उक्त बिल भरपाई सचिवालयमा पेश गर्नुपर्नेछ।

९. उत्पादित तोरी तेललाई लेबलिङ ब्राण्डिङ गर्ने काम दोस्रो पक्षको रहनेछ।

१०. दोस्रो पक्षले मुल्य निर्धारण गर्दा सञ्चालक समितिले सिफारिस गरे बमोजिम गर्नुपर्नेछ। बजारिकरण गर्दा आफुखुसी मुल्य निर्धारण गर्न पाइनेछैन।

११.दोस्रो पक्षले पहिलो पक्ष वा अन्य कुनै सरकारी निकायबाट अनुगमन गर्न आउँदा निर्वाध रुपले अनुगमन गर्न दिनुपर्नेछ तर अन्य कुनै सरोकार नरहेको व्यक्तिलाई उक्त स्थानमा प्रवेश गर्न अनुमती दिन पाइनेछैन।

१२. **पदबाट हटाउन सक्नेः** देहायको अवस्थामा प्रथम पक्षले द्वितिय पक्षलाई प्रमुख प्रशासकीय अधिकृतबाट करार रद्द गरी पदबाट हटाउन सक्नेछ।

क) काम सन्तोषजनक काम नगरेमा।

ख) "तोरी प्रशोधन केन्द्र (मिल) सञ्चालन सम्बन्धी कायविधि २०८१" बमोजिम काम नगरेमा।

| **द्वितिय पक्षको तर्फबाट** | **प्रथम पक्षको तर्फबाट** |
|---|---|
| **नामः**<br>**ठेगाना**<br>**दस्तखतः**<br>**कार्यालयको छाप** | **नामः**<br>**पदः** प्रमुख प्रशासकीय अधिकृत<br>**दस्तखतः** |

साक्षी

१.

२.

# अनुसूची-२

## (दफा ७ को उपदफा ३ (ग) सँग सम्बन्धित)

## तोरी मिलमा काम गर्ने कर्मचारीको हाजिरीको ढाँचा

| कर्मचारीको नामः | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिना/ गते | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ | ३२ |
| बैशाख | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| जेठ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| असार | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| साउन | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| भाद्र | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| असोज | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| कार्तिक | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| मंसिर | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| पुष | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| माघ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| फागुन | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| चैत्र | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

## अनुसूची-३

## (दफा ७ को उपदफा (४) र दफा १५ को उपदफा (४) सँग सम्बन्धित)

## आय व्ययको मासिक विवरण

| महिना | आय | व्यय | कैफियत |
|---|---|---|---|
| बैशाख | १.<br>२.<br>३. | १.<br>२.<br>३. | |
| जेठ | १.<br>२.<br>३. | १.<br>२.<br>३. | |
| असार | १.<br>२.<br>३. | १.<br>२.<br>३. | |
| साउन | १.<br>२.<br>३. | १.<br>२.<br>३. | |
| भाद्र | १.<br>२.<br>३. | १.<br>२.<br>३. | |
| असोज | १.<br>२.<br>३. | १.<br>२.<br>३. | |
| कार्तिक | १.<br>२.<br>३. | १.<br>२.<br>३. | |
| मंसिर | १.<br>२.<br>३. | १.<br>२.<br>३. | |
| पुष | १.<br>२.<br>३. | १.<br>२.<br>३. | |

| | | | |
|---|---|---|---|
| माघ | १.<br>२.<br>३. | १.<br>२.<br>३. | |
| फागुन | १.<br>२.<br>३. | १.<br>२.<br>३. | |
| चैत्र | १.<br>२.<br>३. | १.<br>२.<br>३. | |

## अनुसूची-४

(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

### मेसिनको मर्मत सम्भारको ढाँचा

| क्र.स. | मर्मत गर्ने मेसिनको नाम | मर्मत गर्नुपर्ने कारण | मर्मत गर्न लाग्ने समयावधि | मर्मत खर्च |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

# अनुसूची-५

## (दफा ११ को उपदफा (५) सँग सम्बन्धित)

## तोरी ग्रेडिङ सम्बन्धी ढाँचा

**अनुसूची-६**

**(दफा १५ को उपदफा (२) सँग सम्बन्धित)**

**तोरी भुक्तानी सम्बन्धी निवेदनको ढाँचा**

मितिः२०.../.../...

**श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
**केपिलासगढी गाउँपालिका, खोटाङ।**

**विषयः तोरीको रकम भुक्तानी गरिदिन हुन।**

प्रस्तुत वियषयमा यस........पालिका ......वडा नं..... निवासी म .......... ले केपिलासगढी गाउँपालिकाको तोरी मिलमा .... केजी तोरी मिति ............. मा बिक्री गरेको हुनाले यसै पत्रसाथ सम्लग्न वडाको सिफारिस, नागरिकता प्रमाणपत्रको प्रतिलिपी, तोरी बुझाएको रसिद उपलब्ध गराएको हुनाले रकम भुक्तानी गरिदिन हुन यो निवेदन पेश गर्दछु।

निवेदक,

नामः

ठेगानाः

**प्रमाणिकरण मितिः २०८१/१२/०३**

**आज्ञाले,**

**नामः सौ धन राई**

**प्रमुख प्रशासकीय अधिकृत**